The Government of the Hong Kong
Special Administrative Region

**घोषणा**

नगद भत्ता परीक्षण योजना (क्यास अलावेन्स ट्रयाल स्किम) (द स्किम) एक वर्षको लागि जून 2025 सम्म विस्तार गरिएको छ। सरकारले समयमै योजनाको समीक्षा गर्नेछ ।

Cash Allowance Trial Scheme

# नगद भत्ता परीक्षण योजना (क्यास अलावेन्स ट्रयाल स्किम) को महत्त्वपूर्ण बुंदाहरु

## A. पृष्ठभूमि

सार्वजनिक भाडाको आवास (PRH) को लागि लामो समय देखि प्रतीक्षामा बसेका सामान्य परिवारहरुको जनजीवनमा पर्न गएको कष्टहरुलाई कम गर्न सरकारले 2021 को बीचमा तीन वर्षे नगद भत्ता परीक्षण योजना (CATS) प्रारम्भ गरेको छ । आवास विभाग (हाउसिंङ डिपार्टमेन्ट HD) द्वारा CATS प्रशासित छ।

## B. योग्यता मापदण्ड

सबै मापदण्ड पूरा गर्ने आवेदकहरुलाई नगद भत्ता उपलब्ध गराइनेछ । प्रमुख मापदण्डहरु निम्नानुसार छन्–



(a) साधारण आवेदक (जनरल एप्लिकेन्ट, GA) (अर्थात दुई व्यक्तिहरु वा धैरे, साथै एकल वृद्ध व्यक्तिहरु प्राथमिक योजना अन्तर्गत पर्ने आवेदनहरु) जसले PRH विनियोजनको लागि सामान्य योग्यता मापदण्ड पूरा गरेका छन्

(b) PRH विनियोजनमा अहिले सम्म योग्यता मान्य भई तीन वर्ष भन्दा धैरे समय सम्म PRH को लागि प्रतीक्षामा बसेकाहरु; र अहिलेसम्म पहिलो फ्ल्याटको प्रस्ताव पनि प्राप्त नगरेकाहरु ।





(c) हङकङमा बसोबास गरिरहेका तर सार्वजनिक आवासमा बसोबास नगर्नेहरु

(d) व्यापक सामाजिक सुरक्षा सहायता (कम्प्रिहेन्सिव सोसियल सिक्युरिटी असिस्टेन्स)प्राप्त नगर्नेहरु



## C. नगद भत्ता रकम हरु

| योग्य सदस्यहरुको संख्या | मासिक नगद भत्ता रकम |
|---|---|
| 1 | $1,300 |
| 2 | $2,250 |
| 3 | $2,700 |
| 4 | $3,050 |
| 5 | $3,350 |
| 6 वा माथि | $3,900 |



## D. आवेदन प्रक्रियाहरु

- HD ले आउँदो महिनाबाट हरेक महिनाको अन्त्यतिर तीन वर्षभन्दा बढी समय सम्म PRH को लागि प्रतीक्षामा बसेकाहरु परिवारहरुलाई सूचनापत्र जारी गर्नेछ ।
- नगद भत्ताको लागि आवेदन दिन चाहने योग्य परिवारहरुले चाडो भन्दा चाडो आवश्यक कागजातहरुको साथ पूर्ण आवेदन फारम निम्न प्रक्रियाद्वारा बुझाउनु पर्दछ –
  - पत्राचारद्वारा फारम Cash Allowance Office, Housing Department, P.O. Box 209, Tsuen Wan Post Office मा पठाउनुहोस्; वा
  - निम्न स्थानहरुको हाउसिङ डिर्पाटमेन्ट(आवास विभाग)मा राखिएका ड्रप-इन बाकसमा फारम बुझाउनुहोस् –
    - (a) Cash Allowance Office, Housing Department, 5/F, 1 Kwai On Road, Kwai Chung, New Territories; वा
    - (b) Hong Kong Housing Authority Customer Service Centre, 3 Wang Tau Hom South Road, Kowloon
- आवेदन सफल हुने परिवारहरुले बैंक ट्रान्सफरद्वारा मासिक रुपमा नगद भत्ता प्राप्त गर्नेछन् ।
- प्रत्येक स्वीकृत भएका आवेदनको नगद भत्ता गणना शुरु हुने महिना, परिवारले सम्पूर्ण योग्यता मापदण्ड पुरा गरेको मिति देखि, वा आवेदन फारम पूरा गरि पेश गरेको मितिमा निर्धारण हुनेछ, यी दुई मध्ये जुन **पछिल्लो** हुन्छ, साथै 1 जुलाई 2021 नगद भत्ता गणना गर्न पहिलो शुरुवात गर्ने मिति हुनेछ । पूर्वव्यापी दावी गर्न मनाही छ ।
- पूरा भएका आवेदनहरु प्रक्रियाकार्य र नगद भत्ता भुक्तानको लागि लगभग एक देखि तीन महिना लाग्न सक्छ ।

## E. महत्त्वपूर्ण बुंदाहरु

- नगद भत्ता प्रापकहरुका लागि, यदि कुनै पारिवारिक परिस्थितिमा परिवर्तन भएमा (उदाहरण आवेदनमा परिवार सदस्यहरुको थप्ने/हटाउने बारे), HD लाई तुरुन्तै जानकारी गर्नुपर्दछ । कृपया प्रक्रियाहरु बारे CATS को वेबसाइटमा हेर्नुहोस् । नगद भत्ताको स्तर तदनुसार समायोजित हुनसक्छ।
- नगद भत्ता प्राप्त गर्न छल गरी झूटो कागजातहरु प्रस्तुत गर्नु वा जानीजानी कुनै जानकारीहरु हटाएर झूटो बयान /घोषणा गर्नु यो आपराधिक अपराध मानिनेछ ।
- जब 2024 को मध्यावधिमा यो तीन वर्षे परीक्षण योजना समाप्त हुन्छ तब सबैका लागि नगद भत्ता भुक्तान बन्द हुनेछ ।

## F. अल्पसंख्यक जातीयहरुका लागि सहायता

यदि तपाईलाई CATS को आवेदन प्रक्रियाहरुमा विशेष भाषाको सहयोगको आवश्यकता परेमा, तपाईले सेन्टर फर हार्मनी एण्ड एन्हैन्स्मेन्ट अफ एथ्निक माइनोरिटी रेसिडेन्टस् (CHEER) को टेलिफोन दोभाषे हटलाइनमा सम्पर्क गर्न सक्नुहुन्छ:

| | | | |
|---|---|---|---|
| • बहासा इन्डोनेशिया | 3755 6811 | • तागालोग | 3755 6855 |
| • नेपाली | 3755 6822 | • थाई | 3755 6866 |
| • उर्दू | 3755 6833 | • हिन्दी | 3755 6877 |
| • पन्जाबी | 3755 6844 | • भियतानामी | 3755 6888 |



| | |
|---|---|
| वेबसाइट: | www.cashallowance.gov.hk |
| ईमेल: | enquiry@cashallowance.gov.hk |
| हटलाइन: | 3105 3333 |
| ठेगाना: | Cash Allowance Office, Housing Department, 5/F, 1 Kwai On Road, Kwai Chung, New Territories |